सर्वोच्च अदालतको प्रवक्ता ज्यूको प्रयोजनका लागि प्रतिलिपि।
२०७३।४।२०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई
आदेश
०७३-WO-००५५
मुद्दाः- उत्प्रेषण ।

कनकमणि दिक्षित समेत ----------------------------------------------------- निवेदक

विरुद्ध

नेपाल सरकार, भुमिसुधार तथा व्यवस्था मन्त्रालय सिंहदरवार काठमाडौं समेत --- विपक्षी

यसमा यस अदालतको एक न्यायाधीशको इजलासको आदेश बमोजिम छलफलको लागी पेश हुन आएको प्रस्तुत निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री सर्वज्ञरत्न तुलाधर, श्री हरिहर दाहाल, श्री शम्भु थापा, श्री सतिशकृष्ण खरेल तथा अधिवक्ताहरु श्री टिकाराम भट्टराई, श्री रमेश वडाल, श्री बालकृष्ण ढकाल, श्री रामप्रसाद भण्डारी, श्री दिनमणी पोखरेल, श्री कृष्ण थापा तथा श्री यादव ढुंगाना एवं विपक्षीहरुतर्फबाट उपस्थित विद्वान नायव महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतम तथा विद्वान सहन्यायाधिवक्ताहरु श्री राजन प्रसाद भट्टराई, श्री सुर्यराज दाहाल, श्री मुरारी पौडेल विद्वान उपन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवाली तथा विपक्षी मध्येको अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री कोमल प्रकाश घिमिरे, श्री लवकुमार मैनाली तथा विद्वान अधिवक्ता श्री करुणाकर मल्लिकले गर्नुभएको बहस समेत सुनियो।

यसमा विपक्षी आयोगले निवेदकलाई पक्राउ गरी विशेष अदालतबाट म्याद थप गरेको सम्बन्धमा यस अदालतमा निवेदन नं. ०७२-WH-००५१ पर्दा यस अदालतबाट मिति २०७३।१।२० मा तहकिकात सन्तोषजनक भएको वा नभएको विचार गरी सन्तोषजनक

रुपले तहकिकात भएको अवस्था आधार र कारण खुलाई थुनामा राखी अनुसन्धान गर्न अनुमति दिनुपर्नेमा सो प्रकृया अवलम्वन नगरेको भन्दै बन्दिप्रत्यक्षीकरणको आदेश जारी गरी निवेदकलाई थुनाबाट मुक्त गर्दै भ्रष्ट्राचार मुद्दाको अनुसन्धानको हकमा सो मुद्दामा कारवाही गर्न आवश्यक देखिएमा निवेदकका नाउँमा कानून बमोजिम म्याद जारी गरी झिकाई साधारण तारेखमा राखी मुद्दाको कारवाही अगाडी बढाउन परमादेशको आदेश जारी गरेको पाइयो । यसबाट निवेदक उपर भ्रष्ट्राचारको अनुसन्धान प्रारम्भ गरिएकोमा सो विषयमा नै विपक्षी आयोग टुङ्गोमा पुग्नु पर्ने भन्ने उक्त आदेशको अभिप्राय रहेको देखियो । तर विपक्षी आयोगको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरुले आयोगद्वारा शुरु गरिएको उक्त अनुसन्धानमा हाल के भै रहेछ सो बारेमा इजलासलाई कुनै जानकारी गराउनु भएन । जहाँ सम्म विपक्षी आयोगको २०७३।२।१६ को निर्णयको प्रश्न छ, नेपालको संविधानको धारा २३९ को उपधारा (४) मा अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको व्यक्तिको काम कारवाही अन्य अधिकारी वा निकायको अधिकार क्षेत्र अन्तर्गत पर्ने देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आवश्यक कारवाहीको लागि सम्बन्धित अधिकारी वा निकाय समक्ष लेखी पठाउन सक्नेछ भन्ने व्यवस्था रहेको पाइन्छ । उक्त धारामा “देखिएमा” भन्ने शब्द उल्लेख भएबाट निवेदक विरुद्धको अनुसन्धान नै पहिले टुङ्गो लागी त्यसमा निर्णय भएपछि मात्र अन्य निकाय वा अधिकारीलाई लेखी पठाउनु पर्ने भएमा लेखी पठाउन सक्ने देखिन्छ । प्रस्तुत निवेदनमा सो अनुसार भएको नपाइएबाट विपक्षी आयोगले मिति २०७३।२।१६ मा सम्पत्ति छानविन विषयमा भुमिसुधार मन्त्रालयलाई लेखी कारवाही अगाडी बढाएको संविधान र कानून अनुरुप देखिएन ।

अव राजश्व अनुसन्धान विभागबाट भएको कारवाहीको हकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कुनै पत्र लेखेको स्पष्टतः नदेखिएपनि आयोगमा निवेदकले बुझाएको सम्पत्ति विवरण फाराममा उल्लेखित विवरण हुवहुँ उतारी रकम र पैसा समेत फरक नपारी उजुरी हालिएको देखिएको र उजुरीमा के कुन श्रोतबाट जानकारी प्राप्त भयो भन्ने खुलाइएको नपाँइदा प्रथम दृष्टीमा नै विवादास्पद देखियो । यस स्थितिमा निवेदक उपर विपक्षी आयोगबाट भएको अनुसन्धान टुङ्गो नसकेको अवस्था हुँदा सुविधा र संतुलनको दृष्टिबाट तथा निवेदकलाई पुग्न सक्ने सम्भावित क्षतिलाई समेत दृष्टिगत गर्दा विपक्षी राजश्व अनुसन्धान विभागबाट भएको कारवाहीलाई यथास्थितिमा राख्नु आवश्यक देखिएकोले प्रस्तुत रिट निवेदनको टुङ्गो नलागेसम्म

विपक्षी राजश्व अनुसन्धान विभागको मिति २०७३।३।५ को पत्र र त्यसपछि भएका कारवाही यथास्थितिमा राख्नु र सो विषयलाई लिएर निवेदकलाई बयान गराउने, धरपकड गर्ने, थुनामा राख्ने लगायतको कार्य नगर्नु नगराउनु ।

विपक्षी भुमिसुधार कार्यालय, ललितपुरको कारवाहीको हकमा यस अदालतमा मिति २०७३।४।१८ मा रिट परेपछि एक न्यायाधीशको इजलासबाट आदेश भएकै दिन अर्थात मिति २०७३।४।१९ मा विपक्षीबाट जग्गा जफत गर्ने निर्णय भै सकेको भन्ने देखियो । सो निर्णय उपर कानून बमोजिम उपचार खोज्ने हक निवेदकलाई भएकोले पुनरावेदन परी माथिल्लो अदालतबाट निर्णय नभएसम्म सो निर्णय कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी यस अदालतको एक न्यायाधीशको इजलासबाट मिति २०७३।४।१९ मा भएको आदेशलाई निरन्तरता दिंदै सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ । आदेशको जानकारी विपक्षीहरुलाई दिई नियमानुसार पेश गर्नु।

न्यायाधीश                                        न्यायाधीश

ईति सम्बत् २०७३ साल साउन महिना ३० गते रोज १ शुभम् -----------------------